निर्णयहरू:-

१. खाजा समयमा सेवा प्रदायकहरू कार्यस्थलमा अनुपस्थित भएको कारण सेवा प्राप्त गर्न लामो समय कुर्नुपरेको जनगुनासो प्राप्त भएको सम्बन्धमा जनगुनासो नआउने व्यवस्था गर्नका लागि कार्यालयहरूमा खाजा खाने समयमा आलोपालो गरी सेवा प्रवाह नरोकिने व्यवस्था मिलाउन श्री गृह मन्त्रालय, गुनासो व्यवस्थापन शाखा, सिंहदरबार, काठमाडौंको च.नं. ४७०, मिति २०७७-१२-०८ को पत्रबाट लेखी आएको सन्दर्भमा जिल्लास्थित सबै कार्यालयहरूले खाजा खाने समयमा आलोपालो गरी सेवाप्रवाह नरोकिने व्यवस्था मिलाउने ।

२. तेस्रो चौमासिक चलिरहेको सन्दर्भमा सबै कार्यालयहरूले पूँजीगत खर्च प्रभावकारीरूपमा परिचालन गरी योजना/आयोजनाहरू तोकिएको समयमा नै सम्पन्न गर्ने व्यवस्था मिलाउने । साथै, बेरूजु फछ्यौंटलाई प्रभावकारीरूपमा कार्यान्वयन समेत गर्ने ।

३. पहिलो चरणमा खोप प्राप्त गरेका स्वास्थ्यकर्मी, महिला स्वयंसेवक, सुरक्षाकर्मी, जनप्रतिनिधि, सरकारी तथा गैरसरकारी कर्मचारी तथा सुरक्षाकर्मीहरूलाई दोस्रो मात्रा खोप यही २०७८ साल बैशाख ७ गतेदेखि प्रदान गर्ने तालिका स्वास्थ्य कार्यालय, मकवानपुरले सार्वजनिक गरेको हुँदा पहिलो चरणमा खोप प्राप्त गरेका कर्मचारीहरूले तोकिएको मिति र स्थानमा गई खोप लगाउने ।

४. जिल्लाका सबै सरकारी कार्यालय, स्थानीय तह तथा सार्वजनिक निकायहरूले सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) र (४) तथा सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम २०७७ माघ महिनादेखि २०७८ बैशाख महिनासम्म कार्यालयबाट सम्पादित क्रियाकलापहरू स्वत: प्रकाशन (Pro-Active Disclosure) प्रकाशन गर्ने ।

५. कोभिड-१९ संक्रमणको जोखिम यथावत नै रहेको र संक्रमितहरूको संख्या समेत बढ्दै गएको सन्दर्भमा कर्मचारीहरुले अनिवार्यरूपमा स्वास्थ्य सुरक्षाका मापदण्डहरू पालना गर्ने, गराउने, सेवा लिन आउने सेवाग्राहीहरूलाई कार्यालय परिसरमा प्रवेश गर्दाबखत नै अनिवार्य मास्क लगाउन लगाउने, सेवाग्राहीका लागि स्यानिटाइजर वा साबुन पानीको व्यवस्था मिलाउने, मास्क नलगाउनेलाई कार्यालय परिसरमा प्रवेश हुन नदिने र सामाजिक दूरी कायम गर्ने, गराउने ।

६. यस वर्षको प्रिमनसुन शुरू भइसकेको र मनसुन समेत नजिकिदै गरेको सन्दर्भमा मनसुनजन्य विपद्का घट्नाहरूबाट हुनसक्ने जनधनको क्षति न्यूनीकरण गर्न यस जिल्लाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना (DPRP), २०७७ मा उल्लिखित क्षेत्रगत निकायहरूले बैठक राख्ने र आवश्यक पूर्वतयारी गर्ने, गराउने । साथै, विपद्का समयमा खोज तथा उद्धार कार्यमा सवारी साधनहरूको प्रयोग गर्नुपर्ने भएको हुँदा सबै कार्यालयहरूले आ-आफ्ना कार्यलयहरूमा रहेका सवारी साधनहरू मर्मत सम्भार गरी चालु अवस्थामा राख्ने ।

भरत मणी पाण्डे
प्रमुख जिल्ला अधिकारी